# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## साँफेबगर नगरपालिका
## अछाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## साँफेबगर नगरपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## साँफेबगर नगरपालिका

## अछाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ८६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुखज्यू ,

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

अछाम ।

१. **कैफियत सहितको राय** — हामीले साँफेबगर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ४४ लाख ५७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.१ लाख ३० हजार फस्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४२ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९१ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.४६ लाख ९१ हजार, शोधभर्ना नलिएको रु.१ लाख ३६ हजार र पेश्की बाँकी रु.६० लाख ९५ हजार समेत रु.४ करोड ४३ लाख २७ हजार रहेको छ । साँफेबगर नगरपालिकाको गतवर्ष सम्म रु.२८ करोड ७५ लाख २४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३३ करोड १८ लाख

५१ हजार रहेको छ । साँफेबगर नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने साँफेबगर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी साँफेबगर नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

# साँफेबगर गाउँपालिका,

## अछाम ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७४ | ७९ | ४४४५७ | ० | २ | १३० | ७४ | ७७ | ४४३२७ | ४२११ | ४६९१ | २९१९४ | ० | १३६ | ३४०२१ | ६०९५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | २८७५२४ | ० | ० | २८७५२४ | ० | ४४३२७ | ३३१८५१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ८५.२ | ग्याबिन जाली भर्ने सम्वन्धित कार्य | ८४७४४ |
| २ | २०७९।८० | ९६.२ | दोहोरो कार्य बापतको भुक्तानी | ४४९१० |
| | **चालु वर्षको जम्मा** | | | १२९६५४ |
| | **गत विगतको जम्मा** | | | ० |
| | **कुल जम्मा** | | | १२९६५४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१. **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेका छ भने क्षेत्रफल १६६.७१ वर्ग किलोमिटर तथा ३४९५३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को कार्यालयगत लेखापरीक्षण योजना अनुसार परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।६ देखि २०८०।७।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब ६३ करोड ३१ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,४८,२८,७३६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१६,४८,२८,७३६,यस वर्षको भुक्तानी रु. १६,४८,२८,७०६ र बैङ्क मौज्दात रु.३० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६४५२९५१९.१९ | ६३१९०९५३९.५७ | ६७१५८०७७०.०६ | २४८५८२८८.७० |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ६४५२९५१९.१९ | ७९६७३८२७५.५७ | ८३६४०९४७६.०६ | २४८५८३१८.७० |
| फरक | ० | १६,४८,२८,७३६ | १६,४८,२८,७०६ | ३० |

२.३ **सर्शत अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक बर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, बिशेष र समपुरक अनुदान स्थानीय तहले संचित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यसबर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. १३,७५,००० देखिएकाले बाँकी रकम फिर्ता गरी हिसाब फरफारक गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७५,००० |

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ० | ० | ० |
| चालु खर्च खाता | ८२,३७,७६४.३७ | ८२,३७,७६४.३७ | ० |
| पुँजीगत खर्च खाता | १,४१,४०,५११.८६ | १,४१,४०,५११.८६ | ० |
| विविध खर्च खाता | | | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २,३०,११३ | २,३०,११३ | ० |
| स्थानीय विभाज्य कोष | | | ० |
| कर्मचारी कल्याण कोष खाता | | | ० |
| धरौटी | २२,४९,८९९.४७ | २२,४९,८९९.४७ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | २,४८,५८,२८८.७० | २,४८,५८,२८८.७० | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ८२,३७,७६४.३७ र पुँजीगत खातामा रु. १,४१,४०,५११.८६ समेत रु.२,२३,७८,२७६.२३ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई परिमाणमुखी नभएको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम संघीय सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्वयनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पूर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको पाईएन,

• दिगो बिकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यमकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थ : आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

---

५. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

---

६. **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,५०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.७६,१३,०५४.९५ अर्थात अनुमान भन्दा ६९ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४२५७१००७.९२ | ७६,१३,०५४.९५ | १.४० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८. **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १०००००० | ६८५४४६ | ६८ |
| वहाल कर | ८५०००० | ९५८७६९.४९ | ११२ |
| व्यवसाय कर | ८००००० | ३७१५०० | ४६ |
| भुमिकर/मालपोत | २४०००० | १९५०५१ | ८१ |
| सवारी साधन कर | ६०००० | ० | ० |
| सरकारी सम्पतीको वहालबाट प्राप्त आय | १६०००००० | १४२०९१३.९६ | ९ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | २००००० | ० | ० |
| नक्सापास दस्तुर | ४००००० | १८९४२३ | ४७ |
| सिफारिश दस्तुर | ७००००० | ७१९४९०.५० | १०३ |
| व्यक्तिगत घटनादर्ता दस्तुर | ६००००० | ४१६१७० | ६९ |
| नाता प्रमाणित दस्तुर | ५०००० | २२२५० | ४४.५ |
| अन्य दस्तुर | ८००००० | २६३४०४१ | ३२९ |

| | | | |
|---|---|---|---|
| अन्य राजश्व | ३३०००००० | | ० |
| जम्मा | २,५०,००,००० | ७६,१३,०५५ | ३० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

९. **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३,७१,५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय यकिन गर्न सकिएन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०. **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२. **बजेट तथा कार्यक्रम तर्जुमा -** बजेट तथा कार्यक्रम तर्जुमा- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता

कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३. **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख शिव बहादुर कुँवरले मिति २०७९।३।१० मा रु.७८,१५,१५,८६६ बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१६ मा पारित भएको छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशतजम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३७९०००० | २५९३५५८४ | ४ |
| २ | पूर्वाधार विकास | ४१७३०००० | २७१२६१०८ | ४ |
| ३ | सामाजिक विकास | ४०३३११००० | ३६८३०९५५२.५८ | ५५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४५४१३२०३ | ३३६८४२०५ | ५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २५०७३५१६१.२४ | २१५०८६४४८.४८ | ३२ |
| **जम्मा** | | **७७,४९,७९,३६४.२४** | **६७,०१,४१,८९८.०६** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५५ प्रतिशत र आर्थिक विकास र पूर्वाधार विकास मा सबै भन्दा घटी ४ प्रतिशत रहेको छ भने बातावरण तथा विकास मा बजेटनै विनियोजन गरेको पाईएन । पालिकाले सन्तुलित बजेट विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१५. **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण तथा भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ८० योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना संख्या | रु. २० लाखमाथिका योजना संख्या | रु ५ लाख देखि २० लाखसम्मका योजना संख्या | रु. ५ लाखभन्दा कमका योजना संख्या |
|---|---|---|---|---|
| पालिका/वडा स्तरीय | ८० | ९ | १७ | ५४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका सबै योजनाहरु कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६. **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुंजीगत खर्चतर्फ | ९,७१,८१,१९८.२८ | १,०७,१०,२२४ | ५७,९०,३०४ | १,०७,११,३२६ | ६,९९,६९,३४४.२८ | ४,३७,९२,०४९.२८ |
| प्रतिशत | १०० | ११ | ६ | ११ | ७२ | ४५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.९,७१,८१,१९८.२८निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,०७,१०,२२४ (११ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५७,९०,३०४ (६ प्रतिशत) , तेस्रो

त्रैमासिकमा रु. १,०७,११,३२६ (११ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६,९९,६९,३४४.२८ (७२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४,३७,९२,०४९.२८ (४५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९,७१,८१,१९२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१८. **रकमान्तर गरी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निर्णय बमोजिम २८ कार्यक्रमबाट घटाई ८१ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.९,७१,९५,२९० अर्थात कुल बजेट रु. ७७,४९,७९,३६४.२४ को १२.५ प्रतिशत र कुनै शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ ।

१९. **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ७६,१३,०५४.९५ राजस्व बाँडफाँड र अनुदानबाट रु.६२,४२,९६,४८४.६२समेत रु.६३,१९,०९,५३९ आम्दानी भएकोमा चालु तर्फ रु.५७,२९,६०,६६९.७८ र पूँजिगत तर्फ रु.९,७१,८१,१९८.२८ समेत रु.६७,०१,४१,८९८.०६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,३७,६८,५०० खर्च भएको छ जुन आन्तरिक आयको १८० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८५.५ प्रतिशत चालु र १४.५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२०. **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म २६ वटा ऐन, ६ वटा नियमावली, ३४ कार्यविधि लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।तयार गरिएका कानुनहरुको प्रभावकारी कार्यान्वयन गरी कार्यसम्पादन गर्नुपर्दछ ।

२१. **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ९ विवाद दर्ता भएकोमा ७ वटा फस्यौंट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२२. **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २७ संघसंस्था र व्यक्तिहरुलाई रु.३,००० देखी २५,००० सम्म गरी जम्मा रु.३,५९,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ७६,१३,०५४.९५ को ५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२३. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत सहित २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२४. **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार २६ वटा ऐन, ६ वटा नियमावली र ३४ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १७ |
| **पञ्जिकरणतर्फ** | |

| | |
|---|---|
| जन्मदर्ता | १३२० |
| मृत्युदर्ता | ३३२ |
| बसाईसराई दर्ता | ३८१ |
| विवाह दर्ता | २७८ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२५. **आन्तरीक आयतर्फ -**

२५.१ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

२५.२ **निरीक्षण नभएको -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.७६,१३,०५४।९५ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने

र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।

२५.३ **ढिला राजश्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ । पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार ब्याज, थप रकम सहित गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| वडा नं. १ यूवराज उपाध्याय | | | | जरीवाना(१०%) |
|---|---|---|---|---|
| आम्दानी मिति | | जम्मा रकम | दाखिला मिति | १३५५० |
| देखि | सम्म | | | |
| २०७९ साउन | २०८० अषाढ | १३५५०५ | २०८०।३।३० | |
| जम्मा | | | | १३,५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५५० |

२५.४ **रसिद ठेली फिर्ता नभएको -** कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गर्ने र आ.व को अन्त्यमा उक्त ठेलीहरु फिर्ता गरी सोको अभिलेख राख्नुपर्ने व्यबस्था छ तर पालिकाले वडाहरुबाट देहायबमोजिमका ठेलीहरु फिर्ता गरेको पाईएन । पालिकाले छानविन गरी उक्त रसिद ठेलीहरु फिर्ता गराई उठेको राजस्व दाखिला गर्नु पर्दछ ।

| क्र.स | वडा सचिव नाम थर | रसिद नम्बर |
|---|---|---|
| १ | वडा नं. ३ नृप बहादुर कुँवर | २००१-२०५० |
| २ | वडा नं. ४ जिवानन्द भट्ट | ७०१-७५० |
| ३ | वडा नं. ९ पूर्णराज उपाध्याय | ५०१-६०० |

२६. **आन्तरिक आय -**

२६.१ पालिकाबाट उपलव्ध जानकारी अनुसार यस आ.व मा आय प्राप्त हुने गरी निम्न अनुसारका आय ठेक्का लगाइ सम्झौता भएको जनाएको छ ।

| क्र सं | काम | न्युनतम कायम रकम मु.अ. कर सहित | ठेक रकम मु.अ.कर सहित रु. | सम्झौता लागू मिति | सम्झौता सकिने मिति | व्यबसायी |
|---|---|---|---|---|---|---|
| १ | नदीजन्य सामाग्री संकलन तथा उत्खनन | ४०,००,०००। | ४,००७,६००.३६ | २०७९।८।२३ | २०८० असार मसान्त सम्म | रोयल सी. बि कन्स्ट्रक्सन |
| २ | कवाडी मालसामान संकलन तथा निकासी | १६९५०० | १७२८९० | २०७९।४।२ | २०८२ असार मसान्त सम्म | दिपक कुमार श्रेष्ठ |

क्र.स १ मा उल्लेखित ठेक्काका सम्वन्धमा पालिकाले साँफेबगर नगरपालिकाको बुढीगंगाको IEE मा स्वीकृत घाटहरुबाट नदीजन्य सामाग्री संकलन तथा उत्खननका लागि रु. ७० लाखमा प्रथम पटक मिति २०७९/५/२ मा सुचना प्रकाशन गर्दा कसैको आवेदन नपरकोले पुनः दोस्रो पटक रु.६० लाखमा मिति २०७९/६/१२ मा सुचना प्रकाशन गर्दा पनि कसैको आवेदन नपरेपछी तेस्रो पटक रु.४० लाखमा मिति २०७९/८/१४ मा सुचना प्रकाशन गर्दा मु.अ कर सहित रु.४००७६००.३६ मा ३३३९५ घनमिटर नदीजन्य सामाग्री संकलन तथा उत्खनन कार्य गर्ने गरी व्यवसायी श्री रोयल सि. वि कन्स्ट्रक्सनले कवोल पेश गरे अनुसार मिति २०७९/८/२३ देखी २०८० असार मसान्त सम्मको लागि सम्झौता गरेको छ । उक्त सम्झौता पत्रमा नदीजन्य सामाग्री संकलन तथा उत्खनन परिमाण सम्वन्धमा उल्लेख भएको छैन । साथै उक्त व्यवसायीले कवोल गरेअनुसारको परिमाण उठाए नउठाएको पालिकाबाट कुनै अनुगमन मूल्याङ्कन गरेको छैन ।यस्तो अबस्थामा तोकिएको परिमाणमात्र संकलन गरी पालिकालाई प्राप्त हुनुपर्ने आय यथार्थरुपमा प्राप्त भएको भन्ने अबस्था छैन ।ठेक्का सम्झौता अनुसार तोकिएको परिमाणमात्र

संकलन गर्ने गराउने कार्यको निरन्तर अनुगमन मूल्याङ्कन गरी तोकिएको परिमाणभन्दा बढी संकलन नगरेको सम्बन्धमा सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ ।

२६.२ क.स २ मा उल्लेखित ठेक्काको पालिका र व्यवसायी विच भएको सम्झौताको ४ नं बुँदा अनुसार प्रति महिना हाटबजार क्षेत्र र एयरपोर्ट बजार क्षेत्रको कवाड संकलन गर्नका लागि चार जना व्यक्तीहरु नगरपालिकाले तोकेको संङ्कलनकर्ताहरुको लागि प्रत्येक महिनाको ७ गते भित्र थप रु.४४,०००।— राजश्व खातामा दोस्रो पक्षले (दिपक कुमार श्रेष्ठ) जम्मा गर्नु पर्ने उल्लेख भएकोमा उक्त रकम राजश्व खातामा जम्मा भएको प्रमाण पेश भएको पाईएन । आ.व २०७९/८० मा जम्मा हुनु पर्ने रु.५,२८,०००।राजश्व खातामा दाखिला गरी प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२८,००० |

२६.३ **बैंक जमानत -** पालिकाले आय ठेक्काको सम्झौता बमोजिम दाखिला हुनु पर्ने आम्दानी मध्ये दाखिला गर्न बाँकी रकम वरावरको बैंक जमानत लिई दाखिला गर्नुपर्ने अवधी व्यतित पश्चात बैंक जमानतबाट असुल गर्नु पर्नेमा क.स नं १ मा उल्लेखित ठेक्काको सम्झौता बमोजिम बैंक जमानत लिएको पाईएन । उक्त ठेक्काको सम्झौता अनुसार मु.अ. कर सहित रु.२३५७६००.३६ दाखिला हुन बाँकी रहेको र सोही अनुसारको बैंक जमानत पनि पेश नभएको हुँदा पालिकाको दाखिला हुन बाँकी राजश्व रकम जोखिममा परेको देखिन्छ । पालिकाले उठ्न बाँकी राजश्व वरावरको बैंक जमानत लिई राजश्व समयमा दाखिला नभएमा सोही बैंक जमानतबाट दावि गरी राजश्व उठाउने अवस्था सुनिश्चत हुनु पर्दछ ।

२६.४ क.स २ मा उल्लेखित ठेक्काको पालिकाले आ.व २०७९/८० मा ठेक्का प्रकृया नै अगाडी नवढाई आ.व २०७८/७९ मा दरभाउ स्वीकृत गरी भएको सम्झौताकै आधारमा मिति २०७९/४/२ देखि २०८२ असार मसान्तसम्म कायम रहने गरी रु.१,७२,८९०।— मु.अ. कर समेतमा सम्झौता भएको पाईयो । ठेक्का प्रकृया नै सुरु नगरी अघिल्लो वर्षकै कवुलमा सम्झौता गर्नुले प्रतिस्पर्धालाई सिमित बनाईएको देखिन्छ ।पालिकाले कानुनको परिधिमा रही प्रतिस्पर्धात्मक विधिबाट राजश्व संकलन गरी आन्तरिक आय वृद्धिमा जोड दिनु पर्दछ ।

२६.५ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.४,६१,०५१.३७ असुल नगरेकोले असूल गरी र पालिकाको राजश्व खातामा प्राप्त भएको तर सम्वन्धित राजश्व शिर्षकमा दाखिला नभएको रु.१९,८९० गरी जम्मा रु. ४८०,९४१.३७ उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| क.सं. | व्यवसायी | न्यूनतम कायम रकम | कबोल रकम | मूअकर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | रोयल सी. बि कन्स्ट्रक्सन | ३५३९८२३ | ३५४६५४९ | ४६१०५१.३७ |
| २ | दिपक कुमार श्रेष्ठ | १५०००० | १५३००० | १९८९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०,९४१.३७ |

२६.६ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु१८९६५४९असुल गर्न बाँकी रहेको छ ।

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | रोयल सी. बि कन्स्ट्रक्सन | नदीजन्य सामाग्री संकलन तथा उत्खनन | ३५४६५४९ | १६५०००० | १८९६५४९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,९६,५४९ |

२७. **ईन्धन खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले आ.व २०७९/८० मा ईन्धन पदाधिकारी शिर्षकबाट रु.१,०१,४५५। - र ईन्धन कार्यालय प्रयोजन शिर्षकबाट रु.८७,६१,३३५।गरी जम्मा रु.८८,६२,७९०।- खर्च गरेको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

२८. **सवारी मर्मत -** सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चबाट रु.१३८७२९९।- र निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार शिर्षकबाट रु.६१२३१७।— सवारी साधन मर्मत खर्च शिर्षकबाट रु.६१,३०,८४९।- सवारी साधन र अन्य कार्यालय सामानहरु मर्मत गरी रु.८१,३०,४६५।- खर्च गरेको छ । मर्मत गर्दा केही मर्मत

आदेश स्वीकृत गरेतापनी अधिकांस पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरेको देखिएन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गरेरमात्र खर्च लेख्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२९. **मिडिया खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ ले खर्चको उपादेयता स्थापित नगरी खर्च नगर्ने, सञ्चार खर्चमा अत्यन्त मितव्ययिता अपनाउने उल्लेख गरिएको छ। पालिकाले यस बर्ष अनलाईन विज्ञापन, सूचना प्रसारण, सचेतनामूलक कार्यक्रम प्रसारण लगायतका खर्च लेखि पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. ५७,६८,६८७ विभिन्न सञ्चार माध्याम तथा एजेन्सिहरुलाई भुक्तानि गरेको देखिन्छ। साथै वडाहरुबाट, सम्बन्धित कार्यक्रम, योजना अन्तर्गत पनि विज्ञापन लगतायतका सञ्चार खर्च गरिएको छ।साथै पालिकाले कतिपय मिडियासँग सम्झौता नगरी भुक्तानी गरेको, खर्च बमोजिम काम भएको पुष्टि हुने प्रसारण भएका भिडियो/अडियो क्लिप, जिङ्गल, छापिएका विज्ञापनका प्रतिहरु समेत पेश भएको पाईएन। पालिकाले यस किसिमका सञ्चार खर्चमा उच्चतम् मितव्ययिता अपनाई आवश्यकता र औचित्यता पुष्टि भएमा मात्र खर्च गर्नु पर्दछ।

३०. **विद्युत महशुल भुक्तानीमा जरिवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। पालिकाले विद्युत् महशुल वापतको रकम भुक्तानी गर्दा देहायबमोजिमको जरिवाना रकम भुक्तानी गरेको पाईयोः

| क्रम | गोभौ/मिति | रकम |
|---|---|---|
| १ | ५१०/२०८०।१।२५ | ७,२८२ |
| २ | ८३६/२०८०।३।२२ | ५०२०६ |
| ३ | १२४/२०७९।९।२४ | ८२६०६ |
| जम्मा | | १,४०,०९४ |

समयमै विद्युत् महशुल भुक्तानी नगरी उच्च प्रतिशतमा जरिवाना सहित भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | १,४०,०९४ |

३१. **भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, दफा ३९(१०)

मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका सामाग्री खरिद गरि वितरण भरपाई संलग्न नगरेको पाईयोः

| गोभौ/मिति | सामाग्री | संख्या | रकम |
|---|---|---|---|
| ८६१/२०८०।३।२३ | ड्रेस खेलाडी | ७४ | १२८००० |
| | जुत्ता खेलाडी | ७४ | १६०००० |
| | जुत्ता व्यवस्थापनक | ५ | २५००० |
| १४६/२०८९।९।२५ | छाता | ५१ | ३०६०० |
| | रेनकोट | ४१ | १४००० |
| | ट्राकसुट | ७ | २८९०० |
| | ग्याम ड्रेस | ९५ | ७७१५० |
| ३५८/२०७९।११।१८ | व्याग | ४० | १०००० |
| ५२९/२०८०।१।२६ | भविबल ड्रेस | ११ | ११००० |
| | जुत्ता | ३ | ६००० |
| | जुत्ता | १० | १८००० |
| ८२०/२०८०।३।२२ | P-form | ३० रोल+ Sleeping bag | ५५३७०० |

उल्लेख सामाग्रीको वितरण भरपाई पेश गर्नु पर्ने रकम रु.

| प्रमाण पेश नगरेको | १०,६२,३५० |
|---|---|

३२. **बिल अनुसार खर्च पुष्टि नहुने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई राख्नुपर्ने व्यबस्था छ । पालिकाले भरत बुडथापालाई गो.भौ नं. २१९ मिति २०७९/९/२९ मा कार्यक्रम वापत खर्च रु. १,१५,५०० भुक्तानी गर्दा बिल १७,६०० को मात्रै पेस भएको पाईयो भने रु.९७,९०० को बिल पेस भएको पाईएन । अतः भुक्तानी अनुसार खर्च पुष्टि हुने प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,९०० |

३३. **भ्रमण खर्च -**

३३.१ सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत अनुगमन तथा मूल्याङ्कन शिर्षकबाट रु.१९,८८,३४५।- र अन्य भ्रमण शिर्षकबाट रु.१,०२,४००।- गरी जम्मा रु.२०,९०,७४५।- खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन ।

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय र स्पष्ट आधार नदेखिएको ।

• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं नराखेको र भ्रमण अभिलेखमा स्वीकृत भ्रमण आदेश बमोजिमको सम्पूर्ण विवरण अभिलेखमा नजनाएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था देखिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता र प्रभाबकारी हुने गरी खर्च गर्नेतर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले उपप्रमुख शिव बहादुर कुँवरलाई अनुगमन मूल्यांकन शिर्षकबाट रु.१,४६,८००।भुक्तानी गरेकोमा स्वीकृत भ्रमण आदेश र भ्रमण विल अनुसार रु.४६,८००।को मात्र खर्च पुष्टी भएको हुँदा खर्च पुष्टी गर्ने प्रमाण तथा कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

३४. **भरपाई पेश -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारी स्वीकृत गराई राखुपर्ने व्यबस्था

छ । पालिकाले निम्ननासार भुक्तानी गर्दा बिल तथा भरपाई संलग्न गरेको पाईएन । अतः प्रमाण पेस हुनुपर्ने रु.

| क्र.स | गो.भौ.नं र मिति | वापत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २२३/२०७९/०९/२९ | गाडि भाडा | ९१,००० | सम्झौता र भरपाई नभएको |
| २ | २६१/२०७९/१०/०६ | गाडि भाडा | ११,००० | सम्झौता र भरपाई नभएको |
| ३ | ३१८/२०७९/१०/२२ | गाडि भाडा | ५०,००० | सम्झौता नभएको |
| ४ | २३८/२०७९/१०/१८ | गाडि भाडा | ४०,००० | सम्झौता नभएको |
| | जम्मा १,९२,००० | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

३५. **डिपिआर खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने, दफा ३१(२) मा उल्लेखित विषयहरु खुलाएर खरिदको प्रस्ताव गर्नुपर्ने, दफा (३३) मा प्राविधिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने, दफा (३५) मा आर्थिक प्रस्तावको मुल्याङ्कन गर्नुपर्ने लगायतका व्यवस्थाहरु छन्। साथै नियमावलीले यस सम्बन्धमा थप व्याख्या समेत गरेको छ। पालिकाले विभिन्न कार्यहरुको लागि निम्नलिखित डिपिआर खरिद गरेको पाईयोः

| क्रम | डिपिआर नाम | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | भु-बर्गीकरण | क्युब इन्फो कम्पनी प्राली | १२,४७,००० |
| २ | नगरक्षेत्र सडक गुरुयोजना | अल्फा डिजाईन एण्ड डेभलपमेन्ट | १४,९६,३९१ |
| ३ | मध्यमकालीन खर्च संरचना तथा व्यवस्थापन सर्वेक्षण | खसड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर प्रालि | ९,९६,६६० |
| ४ | घुघुरकोट पदाडा फडा तालगाड बर्माली नाईनी पर्यटकीय सडक खसड | बुढिगंगा इन्जिनियरिङ एण्ड कन्सल्टेन्सी प्रालि | १३,७३,३०० |

पालिकाले उल्लेखित डिपिआर उपलब्ध आन्तरिक जनशक्तिबाट गर्न सकिने/नसकिने सम्बन्धमा मुल्याङ्कन नगरेको, डिपिआर गर्नुपर्ने आवश्यकता पुष्टिहुने आधार पेश हुन नसकेको, केहि डिपिआर खरिदको प्रचलित नर्म्स अनुसार दर विश्लेषण गरि लागत अनुमान तयार नगरेको, ऐन तथा नियमावलीले निश्चित गरेका

शर्तहरु राखि खरिद प्रस्ताब नगरिएको, प्राविधिक मुल्याङ्कनका लागि आवश्यक कागजातहरु लेखापरीक्षणको क्रममा पेश हुन नसकेको पाईयो। अतः पालिकाले खरिद ऐन तथा नियमावलिको प्रकृया पुरा गरी आवश्यक देखिएका आन्तरिक जनशक्तिबाट सम्भब हुन नसक्ने प्रकृतिका कार्यहरुमा डिपिआर खरिद गर्नुपर्दछ।

३६. **नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ३२ जना लाभग्राहीलाई अन्तिम किस्तावापत रु.५०,०००।- का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.१६,००,०००।- उपलव्ध गराएकोमा लाभग्राही सँग सम्झौता गरेको पाईएन ।कार्यविधिले व्यवस्था गरेबमोजिम परिचय खुल्ने कागजात सहित सम्झौता गर्ने र सोही अनुसार अनुदान उपलव्ध गराई अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन तथा मुल्यांकन गरी आवास निर्माण कार्यलाई प्रभावकारी एंव लक्षीत वर्गले अनुदान प्राप्त गरेको सुनिश्चतता हुनुपर्दछ ।

३७. **राजश्व व्यक्तिको नाममा भुक्तानी -** पालिकाले संकलन गरेको राजश्व कानुन बमोजिम पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने हुन्छ। वाजथला व्रह्मडाँडा सडक निर्माण उपभोक्ता समितिको कार्यमा डोजरको प्रयोग भएको र उक्त डोजरको महशुल बापतको रु. ४,२४,८०० भुक्तानी पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्नेमा अपरेटर कमल बहादुर शाहीको नाममा दाखिला भएको देखिन्छ। अतः उक्त डोजर प्रयोगमा लागेको अपरेटर भत्ता तथा डिजेलको रकम पालिकाले आफ्नो खर्च खाताबाट व्यहोरी उक्त संकलित राजश्व कमल बहादुर शाहीबाट असुल गरी पालिकाको राजश्व खातामा जम्मा गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२४,८०० |

३८. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायबमोजिम औषधी खरिद गर्दा पालिकालाई आवश्यक औषधीको सूची बनाई सम्बन्धित सूचीकृत सप्लायर्ससँग दरभाउ माग गरेको तथा खरिद भएका सामाग्री दाखिला भएको पाईएनः

| गोभौ/मिति | सप्लायर्स | भुक्तानी |
|---|---|---|
| २७२/२०८०।३।२० | भाइटल मेडि डिस्ट्रिव्युर्स | ३१२३३८ |
| ८४८/२०८०।३।२३ | भाइटल मेडि डिस्ट्रिव्युर्स | ६१७७१३ |

| | | |
|---|---|---|
| ८५०/२०८०।३।२३ | बालाजी सर्जिकल सप्लायर्स | २१६७४५ |
| ८५२/२०८०।३।२३ | प्रिमियम मेडिसिन सप्लायर्स | ४९९३४३ |
| जम्मा | | १६,४६,१३९ |

उल्लेखित औषधीहरुको खरिद प्रयोजन नखुलेको, औषधी कार्यालयमा दाखिला नभएको कारण औषधीको अवस्था कस्तो रहेको यकिन हुने सकेन। अतः पालिकाले उल्लेखित भौचरहरुबाट खरिद गरिएका औषधीहरुको अवस्था यकिन गरि वितरण भएकोमा वितरण भरपाई पेश गर्ने अन्यथा मौज्दात रहेमा जिन्सी दाखिला भएको प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,४६,१३९ |

३९. **नगरक्षेत्र खानेपानी तथा सरसफाई कार्यक्रम -** सार्वजनिक निकायहरुले कुनै कार्य खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्नुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ। नगरक्षेत्र खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत सर्वसाधरण जनतालाई पाईप वितरण गरेको भनि न्यूँ कुवँर ट्रेड्स एण्ड सप्लायर्सले पेश गरेको संलग्न विल तथा भरपाईको आधारमा रु. ५,९४,०९७ भुक्तानी गरेको छ।यसरी सार्वनजिक खरिद कानुनको प्रकृया पुरा नगरि न्यूँ कुवँर ट्रेड्स एण्ड सप्लायर्सले वितरण गरेको भरपाईको आधारमा भुक्तानी हुनु असामान्य देखिन्छ। अतः पालिकाले यस कार्यक्रम अन्तर्गत खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९४,०९७ |

४०. **वडागत खर्च -** पालिकाको बजेटमा प्रत्येक वडालाई नियमित खर्च प्रयोजनका लागि विनियोजित रकम र वडाहरुले गरेको खर्च देहायबमोजिम देखिन्छः

| वडा नं | खर्च रकम |
|---|---|
| १ | ९,९४,८९५ |
| २ | १०,००,००० |
| ३ | ९९९४४७७ |
| ४ | ९८३३४४ |
| ५ | ९९९४८० |
| ६ | १०,००,००० |
| ७ | ९,९९,८९९ |

| | |
|---|---|
| ८ | ९,९९,९९६ |
| ९ | १०,००,००० |
| १० | ९९९३३१ |
| ११ | ९९९७७३ |
| १२ | ९,६९,५४५ |
| १३ | ९९४९७५२ |
| १४ | ९,९९,९७६ |

वडाहरुले खर्च गरि विल भरपाई पेश गरेको आधारमा वडा सचिवको नाममा पालिकाबाट भुक्तानी भएको, पालिकाले गर्ने प्रकृतिका कार्य वडा पनि गर्ने गरेकोले काममा दोहोरोपना भएको देखिन्छ। साथै अधिकार क्षेत्रभन्दा वाहिरका कार्यहरुमा पनि खर्च गरिएको देखिन्छ। साथै वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको तथा सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिएको, कतिपय खरिद गरेका सामाग्रीहरु उद्देश्य नखुलेको, सवारीसाधन मर्मत अभिलेख राख्ने नगरिको, इन्धन खर्चको लगबुक नराखिएको देखिन्छ। त्यस्तै कतिपय सामाग्री खरिदको कागजात पेश हुन नसकेको तथा खर्चको प्रयोजन खुल्न नसकेको पाइयो। अतः वडाहरुले गरेको खर्चको भुक्तानी गर्दा वडा सचिवको नाममा भुक्तानी नगरी सम्बन्धित पार्टीलाई भुक्तानी गर्नु पर्ने, मर्मत तथा इन्धन खर्चको अभिलेख राख्नु पर्ने, कार्यालय व्यवस्थापनलाई आवश्यक रकम मात्र वडाहरुले खर्च गर्नु पर्दछ

---

४१. **खरिद आदेश तथा जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। पालिकाले खरिद आदेश गर्ने तथा खरिद गरिएका समाग्री दाखिला गर्ने नियमको पूर्णरुपमा कार्यान्वयनमा ल्याएको पाईएन। उल्लेखित गोश्वारा भौचरबाट भुक्तानी भएका सामाग्रहीहरुको खरिद आदेश तथा दाखिला भएको पाईएन। केहि उदाहरणहरुः

| गोभौ/मिति | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|
| ११७/२०७९।८।१५ | कार्यालय सामाग्री | १,४७,९१७ |
| ८३२/२०८०।३।२२ | पुस्तक खरिद | १,३३,००० |
| ८७२/२०८०।३।२३ | कार्यलय सामाग्री | १,९४,९९८ |
| ९०५/२०८०।३।२४ | कार्यलय सामाग्री | ९७७३४८ |
| ९१६/२०८०।३।२५ | ल्यापटप | ९७६३२ |

यसरी खरिद आदेश तथा जिन्सी दाखिला नहुँदा पालिकासँग रहेको मौज्दात सामाग्री, सामाग्रीको अवस्था, आवश्यक सामाग्री यकिन गर्ने जस्ता समस्याहरु हुन्छन्। अतः पालिकाले खरिद गर्नुपर्ने सबै सामाग्रीको खरिद आदेश जारी गर्ने र सो बमोजिमको दाखिला गर्नुपर्दछ।

---

४२. **अनियमित भुक्तानी -** नेपालको संबिधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ । यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजिम एकल अधिकारको सूची अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ ।उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर यस पालिकाले त्रिपुरासुन्दरी क्याम्पसले फर्निचर खरिद गरी विल पेश गरेको आधारमा रु.५,००,०००।- भुक्तानी दिएकोले नगरपालिकाको कार्य क्षेत्र भित्र नपर्ने कार्यका लागि गरिएको खर्चलाई मनासिव खर्च मान्न नसकिने हुँदा यस तर्फ पालिकाले ध्यान दिई ऐन तथा नियमको परिपालनामा ध्यान दिनु पर्दछ ।

---

४३. **विल पेश नभएको -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले ढोडेन खा.पा योजना निर्माण कार्यको रु.५,००,००० भुक्तानी गर्दा तपसिल वमोजिमका सामानहरुको मूल्य सहित गरेको तर उपभोक्ता समितीले पेश गरेको विलमा सो अनुसार नदेखिएकोले यस सम्वन्धमा पालिकाले वास्तविकता एकिन गरी अपुग विल पेश गर्ने अन्यथा सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

| क्र.स | सामानको नाम | हुनुपर्ने सामानको संख्या | उपभोक्ता समितिले पेश गरेको विलमा सामान संख्या | दर | अपुग रकम रु. |
|---|---|---|---|---|---|
| १ | 40 mm G.I Tee | ३ | १ | ३५७.०८ | ७१४.१६ |
| २ | 50 mm G.I Elbow | ९ | १ | ४३८.४४ | ३५०७.५२ |
| ३ | 50 mm G.I socket | ९ | १ | ३१६.४० | २५३१.२ |
| ४ | 50 mm G.I Nipple | ९ | १ | ४१६.९७ | ३३३५.७६ |
| जम्मा | | | | | १०,०८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,०८८ |

४४. **नापी पेश गर्ने** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले दक्षीणकाली मन्दिर पुनःनिर्माण तथा मर्मत कार्यको उपभोक्ता विलमा Maintenance of the old mandir उल्लेख गरी लमसममा रु.२५,०००।— दर राखी भुक्तानी दिएको छ । वास्तविक नापी विना लमसममा राखी दिएको भुक्तानीलाई यथार्थ खर्च मान्न नसकिने हुँदा वास्तविक कार्य भएको खुल्ने अन्य कागजात सहित नापी पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००० |

४५. **दाखिला भौचर पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले बैशाली खानेपानी निर्माण योजनाको खन्ने कार्यको लागि पालिकाको डोजर प्रयोग भएको उल्लेख गरी रु.११,७९३.४५ सहितको रकम बैशाली खानेपानी निर्माण उपभोक्ता समितीलाई भुक्तानी गरेकोले उक्त रकम पालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरी भौचर पेश गर्नु पर्नेमा सो नदेखिएको हुँदा आन्तरिक राजश्व खातामा दाखिला गरेको भौचर पेश गर्ने अन्यथा सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७९३.४५ |

४६. **प्रमाण पुरा नगरी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। देहायका भुक्तानीहरुमा खर्च पुष्टिहुने प्रमाण पुगेको पाईएनः

| गोभौ/मिति | खर्चको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| २०२/२०८९।९।२९ | भ्रमण खर्च भुक्तानी उल्लेख | २५३०० | भ्रमण खर्च विल पेश नभएको |
| ५१६/२०८०।१।२६ | गाडिभाडा भुक्तानी | ८८००० | सम्झौता, लकबुक लगायतका कुनै पनि कागजात पेश नभएको |
| जम्मा | | १,१३,३०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,३०० |

४७. **त्रिपाल खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले देहायबमोजिमका विभिन्न साईजका त्रिपालहरु खरिद गरेको देखिन्छः

| गोभौ/मिति | संख्या | भुक्तानी रकम |
|---|---|---|
| ८८८/२०८०।३।२४ | ७९२ | १३५८९४९ |
| ९०३/२०८०।३।२४ | ९७० | १९८९९३० |
| ९१६/२०८०।३।२५ | १०६ | २०००३४ |
| जम्मा | | ३५,४८,९१३ |

कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन। दश लाखमाथिको खरिदमा शिलबन्दी दरभाउ माग गरी खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको देखिन्छ। साथै उल्लेखित त्रिपालहरुको वितरण भरपाई पेश नभएको पाईएकाले वितरण भरपाई पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,४८,९१३ |

४८. **भासुवन खेतिखोला झोलुङ्गे पुल -**

४८.१ पालिकाले भासुवन खेतिखोला, खहरेखोला झो. पु उपभोक्ता समितीसँग गरेको सम्झौता अनुसार झो. पु निर्माणका लागि लाग्ने कुल खर्चको १३ प्रतिशत रकम पालिकाको स्रोतबाट भुक्तानी गर्ने उल्लेख भएकोमा यस आर्थिक बर्षमा सम्पन्न भएको काम, सेवा शुल्क र बिमा वापत रु.१०,४५,७७६।- भुक्तानी गर्दा सम्झौता अनुसार १३ प्रतिशतले हुने रकम रु.१,३५,९५०.८८। - को साझेदारी पालिकाले गर्नु पर्नेमा कार्यसम्पन्न अनुसारको सवै खर्च रकम झो. पु क्षेत्रगत कार्यक्रमबाट भुक्तानी गरेकोले सम्झौता अनुसारको रकम पालिकाले सोधभर्ना गरी बढी साझेदारी भएको रकम झो. पु क्षेत्रगत कार्यक्रमलाई सोधभर्ना गर्नुपर्ने रु.

| | |
|---|---|
| सोधभर्ना नलिएको | १,३५,९५०.८८ |

४८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले भासुवन खेतिखोला, खहरेखोला झो. पु निर्माण कार्यको भासुवन खेतिखोला झो. पु.

उपभोक्ता समितीलाई रु.९,३०,२०९.५ भुक्तानी दिएकोमा रु.६,७४,८८४.४७ को मात्र कार्य सम्पन्न भएको प्रमाण पेश भएको छ ।कार्यसम्पन्न भन्दा वढी भएको भुक्तानी रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५५,३२५.०३ |

४९. **खेलकुद कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले आ.व २०७९/८० मा सञ्चालन गरेको तपसिलबमोजिमका खेलकुद कार्यक्रममा खाना, खाजा, भत्ता र ड्रेसमा खर्च भएको विल भरपाई मात्र संलग्न राखि रु. ३१,६४,२९३। खर्च गरेको छ ।

| क.स | गो.भौ.नं र मिति | खेलकुद कार्यक्रम | भुक्तानी लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७७,२०७९/८/१४ | नखुलेको | | ११०८९५ | बल.नेट खरिदको विल मात्र पेश |
| २ | ७९,२०७९/८/१४ | नखुलेको | धर्वतारा होटल | १४७२२१ | खाना, नास्ता, मासु र चिया विल पेश |
| ३ | ९१,२०७९/८/१४ | नखुलेको | ब्ल्याक एन्जल फुटवल क्लव | २२७६६७ | खाना, नास्ता, मासु र चिया को विल पेश |
| ४ | १८६,२०७९/९/२८ | खुल्ला पुरुप कृकेट | एकेन्द्र बहादुर शाह | १२०००० | चौरपाटी गा. पा का टीम क्याप्टेन जिवन खत्रिले वुझेको भरपाई संलग्न राखेकोमा रु.२५००० को भरपाई केरेमेट गरी ७५००० वनाएको साथै पुष्टी हुने अन्य कागजात नरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ४००,२०८०/१/२१ | | अनिल कुँवर | २५०००० | जुता, ड्रेस, यातायात खर्च, खाना, खाजा र मासुको विल मात्र संलग्न |
| ६ | ४०२,२०८०/१/२१ | | अनिल कुँवर | ३६०००० | स्वयंसेवक खर्च, निर्णयाक खर्च र पुरस्कार वितरणको भरपाई र खाना र खेलकुद सामाग्रीको विल पेश |
| ७ | ४०४,२०८०/१/२१ | | अनिल कुँवर | ९००००० | रकम वुझेको भरपाई र विल मात्र संलग्न |
| ८ | १५०,२०७९/९/२५ | क्रिकेट प्रतियोगिता | युवराज नाथ | ६१३९० | विल मात्र संलग्न |
| ९ | ५२९,२०८०/१/२६ | भलिवल प्रतियोगिता | कृष्ण बहादुर कुँवर | २१०२७० | विल मात्र संलग्न |
| १० | ८६१,२०८०/३/२३ | राष्ट्रपति रनिङ्ग शिल्ड | अनिल कुँवर | ६८२३५० | पालिकाका भित्रका प्रत्येक विद्यालयहरुलाई रु.२५००० व्यवस्थापकीय खर्च उपलव्ध गराईसकेकोमा पुन पालीकाले सम्वन्धित कार्यक्रमको लागि गरेको खर्चको प्रयोजन नखुलेको |
| ११ | ८५९,२०८०/३/२३ | खेलकुद प्रशिक्षण खर्च | गोरख बहादुर कुँवर | ९४५०० | प्रशिक्षण सम्वन्धी सम्झौता नदेखिएको र कुन खेलको परिक्षण गराएको नखुलेको |

| | | |
|---|---|---|
| जम्मा | ३१,६४,२९३। | |

पालिकाले संचालन गरेको खेलकुद कार्यक्रममा देखिएका समग्र व्यहोराहरुमा खेलाडी र प्रशिक्षक छनोटको प्रष्ट आधार नदेखिएको, खेलाडी र प्रशिक्षकको परिचय खुल्ने कागजात संलग्न नराखेको हुँदा खर्चको यथार्थता एकिन गर्न नसकिएको, कुन दिनमा कति खेलाडी र प्रशिक्षकको लागि के कति खर्च भयो प्रष्ट नभएको, कुन खेलका लागि कति खेलाडीले सहभागिता जनाएका थिए सो लाई पुष्टी गर्ने प्रतिवेदन अथवा अन्य कागजात संलग्न नराखेको र एक पटक पालिकाले खरिद गरेको गेम ड्रेस पुन प्रयोग गर्न मिल्ने नमिल्ने एकिन नगरी छोटो समयमा पटक पटक गेम ड्रेस खरिद गरि वितरण गर्नु पर्ने स्पष्ट कारण विना खरिद तथा वितरण गर्ने गरेको पाईयो ।अतः परिचय खुल्ने कागजात सहित खर्च खुल्ने प्रष्ट आधार र आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५०. **अस्पताल अनुदान -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ ।पालिकाले न्याय हेल्थ वयलपाटा अस्पताललाई न्याय हेल्थ नेपाल कार्यक्रमको लागि उल्लेख गरी प्रशतावनाका आधारमा मात्र रु.६०,००,०००।- भुक्तानी दिएको छ । यस कार्यक्रमको लागि अन्य पालिकाबाट पनि अनुदान दिएको देखिन्छ।प्रष्ट देखिने कार्य प्रगती र सोको आवश्यकता एकिन नगरी खर्च पुष्टी हुने विल, भरपाई, प्रमाण तथा कागजात संलग्न नराखी दिएको भुक्तानीलाई यथार्थ खर्च मान्न सकिने अवस्था नरहेको हुँदा खर्च भएको स्पष्ट खुल्ने प्रमाण एवं कागजात सहित खर्च गर्ने तर्फ पालिकाले पर्याप्त ध्यान दिनु पर्दछ ।

५१. **प्रतिवेदन तयार -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) मा तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सञ्चालन गरेका तपसिल बमोजिमका कार्यक्रमको भुक्तानी दिँदा लाभान्वित व्यक्तीको संख्या ,खरिद गरिएका मालसामान र विषय वस्तुको बारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार कार्यक्रम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ ।

| क्र.स | गो.भौ.नं र मिति | कार्यक्रम | भुक्तानी लिने | रकम रु. |
|---|---|---|---|---|
| १ | ५८,२०७९/११/१६ | पोषण संवेदनशिल कार्यक्रम | सुरेन्द्र कुँवर | २४०००० |
| २ | १२३,२०८०/१/२५ | गरिवी निवारणको लागि लघु उद्यम कार्यक्रम | सुनिता कुँवर | १११८०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | १५४,२०८०/१/२७ | पोषण संवेदनशिल कार्यक्रम | सुरेन्द्र कुँवर | २२४००० |
| ४ | ९१२,२०८०/३/१६ | बहुक्षेत्रिय पोषण कार्यक्रम | पुष्प वहादुर वुढा | २७०८४० |
| ५ | ९१७,२०८०/३/३१ | बहुक्षेत्रिय पोषण कार्यक्रम | नृप विश्वकर्मा | १४५३०० |
| जम्मा | | | | ९९१९४० |

५२. **एकिन नभएको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । पालिकाले खाना र नास्ताका विल मात्र संलग्न राखि भुक्तानी दिएको विवरण तपसिलबमोजिम रहेको छ :-

| क्र.स | गो.भौ नं र मिति | भुक्तानी पाउनेको विवरण | रकम |
|---|---|---|---|
| १ | ४,२०७९/५/८ | होटल एयरपोर्ट प्लाजा | ७८१४४ |
| २ | ६,२०७९/५/८ | होटल समर्पण एण्ड वार | १३९६६८ |
| ३ | ८,२०७९/५/८ | पृथ्वी कुवर | १६३८९० |
| ४ | १०,२०७९/५/८ | गौरिशंकर रेष्टुरेन्ट | ३५१९० |
| ५ | १६,२०७९/५/८ | होटल समर्पण एण्ड वार | २९१०८८ |
| ६ | ४७,२०७९/५/८ | बुढिगंगा होटल एण्ड लज | ९६४७९ |
| ७ | ६०,२०७९/५/८ | होटल समर्पण एण्ड बार | ६६४१४९ |
| ८ | ४१४,२०८०/१/२१ | न्यु होटल डल्फिन | १६०००० |
| ९ | ६४८,२०८०/३/१५ | होटल समर्पण एण्ड वार | १४५८३७८ |
| १० | १५,२०८०/१/२६ | न्यु बुढा होटल एण्ड लज | ५२८४२० |
| ११ | ८१२/२०८०/३/२२ | न्यु साईनो होटल | १७२८०० |
| १२ | ८३०,२०८०/३/२२ | न्यु बुढा होटल एण्ड लज | १२९३०० |
| १३ | ३८२,२०७९/१२/१९ | न्यु बुढा होटल एण्ड लज | २३९००० |

| | |
|---|---|
| जम्मा | ४१,५७,५०६ |

यसरी प्रयोजन नखुलाई विल मात्र संलग्न राखि भुक्तानी गर्नु मनासिव देखिएन ।खर्चलाई पुष्टी गर्ने कागजात विना भुक्तानी दिने कार्यले सरकारी कारोवारको यथार्थता नदेखिने हुँदा पालिकाले खर्चमा मितव्ययीता अपनाउदै कारोवारको स्पष्टतामा ध्यान दिनु पर्दछ ।

५३. **स्वकीय सचिव नियुक्ती -** सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिका प्रमुख तथा उपप्रमुखको स्वकीय सचिव भई कार्य गर्नुपर्ने कामको विवरण सहित स्वकीय सचिबको रुपमा गजेन्द्र कुँवरलाई मासिक १६,००० र रतन कुमारी बोहोरालाई मासिक रु. १४,००० का भुक्तानी गर्ने शर्त सहित जम्मा रु.३,६८,००० भुक्तानी भएको छ। यसरी कानुनले दिएको सुविधाविपरित भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६८,००० |

५४. **पोषण सुधार कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम अनुदान कार्यक्रमबाट भाग्यश्वर महिला विकास वहुउदेश्यिय सहकारी सस्थालाई रु.६,००,०००।— र महिला वहुउदेश्यीय सहकारी सस्थालाई रु.६,२५,०००।— गरी जम्मा १२,२५,०००। भुक्तानी गरेको पाईयो । उक्त सहकारीहरु सँग गरिएको सम्झौतामा सहकारीले आयआर्जनका लागि सम्वन्धित सदस्यहरु सँग सम्झौता गरी रु.२५,०००।— का दरले प्रदान गर्ने, निजहरुले पेश गरेको व्यवसायिक योजनाअनुसार काम गर्नुपर्ने र सोही अनुसार कार्य भए नभएको अनुगमन गर्ने, दुरुपयोग भएको अवस्थामा पालिकाको खातामा फिर्ता गर्ने जस्ता शर्तहरु सहित सम्झौता भएकोमा सम्झौता अनुसार कार्य भएको प्रष्ट खुल्ने कागजात तथा प्रमाण पेश नभएको हुँदा खर्चलाई पुष्टी गर्ने कागजात तथा प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२५,००० |

५५. **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खाना लगायत) रु.५०,७५,३१२ खर्च गरेको छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. ७६,१३,०५४.९५ को ६७ प्रतिशत हुन आउँछ। यस्तो खर्चमा अत्याधिक खर्च भएको पाइयो । जसका कारण पालिकाको पूँजीगत खर्चमा असर पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५६. **जिन्सी निरीक्षण प्रतिबेदन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ । नियमावलीको नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाइ एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाइ समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार खर्च भएर नजाने प्रकृतिका डेस्कटप, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर लगायतका १३ प्रकारका ७८ समानहरु मर्मत गर्नुपर्ने भनि देखाईएको छ । अतः समयमै जिन्सी निरीक्षण गरी अद्यावधिक गर्नुपर्दछ ।

---

५७. **पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना (Eba II) -** पारिस्थितिकीय प्रणालीमा आधारित जलबायु परिवर्तन अनुकूलन, पारिस्थितिकीय प्रणाली पूर्नस्थापना तथा चरनक्षेत्र व्यवस्थापन, जीविकोपार्जन र आयआर्जन सुदृढीकरण जस्ता कृयाकलापहरु सञ्चालन तथा आयोजना क्षेत्रको संरक्षण, क्षमता अभिबृद्दि, प्रचारप्रसार, व्यवस्थापन लगायतका कार्य गर्न नेपाल सरकारबाट पालिकाको वडा ११ को बाबला स्थानमा कार्यक्रम सञ्चालन गर्ने शर्तसहित रु. ५४,००,००० बिनियोजन भएको छ। पारिस्थिकीय प्रणाली पूनर्स्थापना मार्फत जलवायु अनुकुलित प्राकृतिक पूँजी तथा ग्रामीण जीविकोपार्जनका लागि पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजनाको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को परिच्छेद ८ मा पालिकाहरु मार्फत सञ्चालन हुने कार्यक्रमहरु तय गरिएको छ। साथै पालिकाको भुमिका, कार्यक्रम कार्यान्वयन प्रकृया, कार्यान्वयन पछिको अपेक्षित उपलब्धि, प्रगति सूचक लगायतका विषयहरु निश्चित गरेको छ। पालिकाले यस कार्यक्रम सञ्चालन गर्दा कार्यान्वय प्रकृयाका सबै बुदाँहरु पुरा नगरेको, कार्यविधिले तोके बमोजिम उपभोक्ता समितिहरुसँग सम्झौता नगरिएको, कार्यविधिले भने बमोजिमको खरिद विधि पालन नगरिएको, तोकिएका सूचकहरुको आधारमा अपेक्षित उपलब्धिहरु मापन गरेको पाईएन। पालिकाले यस कार्यक्रम कार्यान्वयनमा शतप्रतिशत रु. ५४,००,००० खर्च गरेको रकम कार्यविधिले तय गरेबमोजिम खर्च भएको र यसले अपेक्षित उपलब्धि हासिल गरेको सम्बन्धमा यकिन गर्नु पर्दछ।

---

५८. **विपद व्यबस्थापन तर्फ -**

---

५८.१ **समिति गठन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन । ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ ।

---

५८.२ **कार्य योजना -** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्र भित्र रही तोकिएको कार्य जिम्मेवारी पुरा गर्नुपर्दछ ।

५८.३ **बार्षिक प्रतिबेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५९. **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले पाँचौ साँफेबगर महोत्सबलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.७,००,००० बाँकी रहेको देखिन्छ ।उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | ७,००,००० |

६०. **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राष्ट्रिय मा.वि भवन निर्माण कार्यक्रममा श्री बदिदेवी निर्माण सेवा प्रा.लिलाई रु.६७,४४,१९२ र सुर्यचन्द्र मा.वि अधुरो छात्रावास निर्माण कार्यक्रममा श्री न्यु कालभैरव कन्स्ट्रक्सन प्रा .लिलाई रु.१,६५,६४० गरी जम्मा रु.६९,०९,८३२ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

६१. **फोहरमैला व्यवस्थापन -**फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६२. **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६३. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

६४. **दररेट माग नगरी खरिद -** सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावलीमा १० लाखसम्मको खरिद गर्दा सूचीकृत फर्मबाट दररेट माग गरी खरिद गर्नुपर्ने व्यबस्था गरेको छ । कार्यालयले स्थानीय पाठ्यपुस्तक छपाई गर्दा दररेट माग नगरी छपाई गरेको छ । यसरी ऐन कानुनले तोकेको कार्यविधिको पालना नगरी खरिद गर्ने कार्य मनासिब नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९७,२०० |

६५. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिका र वडा प्रयोजनका लागि आ.व २०७९/८० मा अन्य कार्यालय संचालन शिर्षकबाट रु.५२,७९,७१२।— र मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रु.१५,८२,८६१।— गरी जम्मा रु.६८,६२,५७३।- कार्यालय सामान खरिद गरेकोमा पुर्णरुपमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

६६. **बढी भुक्तानी -** प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले तपसिल बमोजिम कार्य सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा सम्झौता गरी भुक्तानि गरेको पाईयो ।साथै यसरी गरिएको खरिद कार्यमा बढी दररेट राखी लागत अनुमान तयार

गरेको र सोही अनुसार भुक्तानी भएको हुँदा बढी भएको भुक्तानी रकम सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| क्र.स | योजनाको नाम | निर्माण व्यवसायीको नाम | निर्माण कार्य | हुनु पर्ने दर | भएको दर | परिमाण | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | एअरपोर्ट बजार जिप पार्क निर्माण | रोयल सी.वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | Stone soiling | ४५०८ | ५८६५ | १०.९५ | १४८५९ |
| २ | शहरी स्वास्थ्य वाल निर्माण | उपहार निर्माण सेवा | ग्याविन जालीको कार्य | ५९१९.९२ | ५९५७.६४ | १३३.५० | ५०३५.६२ |
| | | | टेक्स्टाईल | १८७.८३ | २४९.११ | १२७.५० | ७८१३.२ |
| जम्मा | | | | | | | २७,७०७.८२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७०७.७२ |

६७. **पाम्समा दाखिला नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। पालिकाले आलोक मल्टी कन्स्ट्रक्सन प्रालिबाट रु. ७५३८८९ को विभिन्न कार्यालय सामाग्री खरिद गर्दा दरभाउ माग नगरी खरिद गरेको देखिन्छ। साथै, उक्त खरिद गरिएका समाग्री पाम्समा दाखिला भएको समेत देखिएन। पालिकाले खरिद गरेका सामाग्री पाम्समा दाखिला गर्नुपर्दछ। साथै खरिद कानुनले तोकेको प्रकृया पुरा नगरी खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,५३,८८९ |

६८. **दरभाउ माग नगरि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोमल ट्रेड्स एण्ड अडर्ससँग सामाग्री खरिद गर्दा नियमबमोजिम दरभाउ माग नगरी खरिद गरेको देखिन्छ। कानुनको पालना नगरि खरिद गरिएको नियमसम्मत नदेखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | २,९१,५०६ |

६९. **खर्च पुष्टि नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारी स्वीकृत गराई राखुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका विद्यालयहरुलाई प्रस्तावका आधारमा अनुदान भनेर खर्च निकासा दिएको छ, उक्त निकासा पुष्टि गर्ने कागजात संलग्न गरेको पाईएन । पालिकाले खर्चलाई पुष्टी गर्ने कागजात संलग्न राखी खर्च गर्नेगर्नु पर्दछ ।

| क.स | सिकाई केन्द्रको नाम | रकम रु. |
|---|---|---|
| १ | साँफेबगर सा.सि.के | ३,००,००० |
| २ | बयलपाटा सा.सि.के | १,००,००० |
| ३ | वैद्यनाथ सा.सि.के | १,००,००० |
| ४ | बेतालमाण्डौ सा.सि.के | २५,००० |
| ५ | जनसेवा सा.सि.के | २५,००० |
| ६ | खप्तड सा.सि.के | १,६५,००० |
| जम्मा | | ७,१५,००० |

७०. **विद्यार्थी संख्याको सत्यापन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर IEMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ।

७१. **शिक्षक दरवन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न

तहका ६५ सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ । शिक्षक बिद्यार्थी अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ६५ | ३४५ | ३४० | १७७ | १०१९६ | १:२९ |

---

७२. **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ६५ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | पृथ्वी प्रा.वि | ३ | ३ | २३ | १:७ |
| २ | सरस्वती प्रा.वि | ३ | ३ | ७७ | १:२५ |
| ३ | कैलाश प्रा.वि | ३ | ३ | १०३ | १:३४ |
| ४ | कालिका मा.वि | ८ | ८ | ४०० | १:५० |
| ५ | पिपलपार्क प्रा.वि | १ | १ | ९३ | १:९३ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:७ देखि १:९३ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

---

७३. **पाठ्यपुस्तक अनुदान -** विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम अनुदान दिँदा पहिलो किस्तामा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाईमात्र अनुदान दिने । शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण ,पाठ्यपुस्तक पुस्तक खरिद र वितरणको विवरणका आधारमा एकिन गरी नपुग रकम मात्र थप २५ प्रतिशत अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई गो भौ नं ९९ मिति २०७९/१२/१९ मा पहिलो किस्ता ७५ प्रतिशत विद्यार्थी संख्याको लागि पुग्ने रकम निकासा गरेको र पुन बाँकी २५ प्रतिसत रकम गो भौ नं १८५ मिति २०८०/०३/११ बाट पाठ्यपुस्तक खरिदका लागि निकासा दिएको छ । केहि विद्यालयहरुको नमुना छनौट गरी हेर्दा वितरण गरेको विल भरपाई भन्दा बढी रकम निकासा गरेको पाईयो । यसरी अरु विद्यालयहरुको पालिकाले छानविन गरी प्रमाण पेस गर्नुपर्दछ भने खरिद र वितरण गरेको विल भरपाई भन्दा बढी निम्न विद्यालयहरुको खातामा निकासा भएको रकम सम्वन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकासा हुनुपर्ने रु. | निकासा भएको रु. | वढी निकासा रु. |
|---|---|---|---|---|
| १ | घुघुरकोट मा.वि | ११८०६६ | १३४६२५ | १६५५९ |
| २ | राष्ट्रिय मा.वि | २५६०४७ | ३१०८११ | ५४७६४ |
| ३ | महेन्द्र मा.वि | २९५९११ | ३८९९७६ | ९४०६५ |
| ४ | बेतालमांडु मा.वि | १३७६८३ | १६५५९५ | २७९१२ |
| ५ | हंशबाहिनी मा.वि | १५७७०० | १९१०९७ | ३३३९७ |
| ६ | तुका मा.वि | ९६५१९ | १२२९९७ | २६४७८ |
| ७ | कालिका मा.वि | १९७२०६ | २७१०३८ | ७३८३२ |
| | जम्मा | | | ३२७००७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,००७ |

७४. **अनुगमन नियमन व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

७५. **बढी भुक्तानी -** शिक्षा नियामावली ,२०५९ को नियम १७९ मा कुनै कामका लागि आवश्यकताभन्दा बढि रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरि बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस पालिकाले शिक्षकहरुको तलव वापतको रकम विद्यालयहरुलाई निकासा दिँदा खापरमाण्डौं प्रा.विमा कार्यरत शिक्षक दिपक दत्त भण्डारीले मिति २०८०।०३।१२ गते राजिनामा स्वीकृत भएकाले रु. १३५१२७ निकासा हुनुपर्नेमा रु. १६८९१० भएको देखिन आएको छ । अतः विद्यालयको खातामा निकासा हुनुपर्ने भन्दा बढी भएको निकासा रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,७८३ |

७६. **कक्षा ८ को परीक्षा सञ्चालन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७९/८० को क्रियाकलाप नं. २.७.१३.१३ मा स्थानीय तहले आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धि मापदण्ड, २०७६ को परिधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणिकरण र एकरुपता कायम हुने गरी परीक्षा समिति मार्फत परीक्षा सञ्चालन गर्ने गराउने व्यबस्था छ । कार्यान्वयन पुस्तिका अनुसार IEMIS तथ्याङ्कलाई आधार मानि प्रति विध्यार्थी २७५ का दरले विद्यालयलाई रकम निकासा गर्ने व्यवस्था रहेको छ । IEMIS तथ्याङ्क अनुसार पालिका भरीमा कक्षा ८ मा जम्मा विध्यार्थी संख्या ६९१ को हुन आउने रकम रु.१९००२५ निकासा हुनुपर्नेमा गो.भौ नं. ८७/८८/८९ मिति २०७९/१२/१२ मा रु. ३,१३,००० निकासा भएकोले पालिकाले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२२,९७५ |

७७. **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले तपसिलबमोजिमका विद्यालयलाई रकम निकासा गर्दा वास्तविक कार्य सम्पादन भएको खुल्ने नापी किताव, कार्यस्वीकार प्रतिवेदन र अन्य खर्च पुष्टी गर्ने विल भरपाई संलग्न नराखेको हुँदा वास्तविक कार्य सम्पादन भएको खुल्ने नापी किताव, कार्यसम्पादन प्रतिवेदन तथा आवश्यक अन्य कागजात तथा प्रमाण पेश गर्ने रु.

| क्र.स | विद्यालयको नाम | वापत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | घुघूरकोट मा.वि | ४ कोठे भवन निर्माण | ५०००००० | नापी किताव, कार्यस्वीकार प्रतिवेदन पेश नभएको |
| २ | सरस्वती आ.वि | २ कोठे भवन निर्माण | १०१४७२६.६ | नापी किताव, कार्यस्वीकार प्रतिवेदन पेश नभएको |

| | | | | |
|---|---|---|---|---|
| ३ | हंशबाहिनी मा.वि | ICT | ६४१३७८ | विल,भरपाई,खरिद आदेश, दाखिला लगायत अनुगमन प्रतिवेदन पेश नभएको |
| ४ | कालिका मा.वि | ICT | ६५०००० | विल,भरपाई,खरिद आदेश, दाखिला लगायत अनुगमन प्रतिवेदन पेश नभएको |
| जम्मा | | | ७३,०६,१०४.६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,०६,१०४.६ |

७८. **शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर पालिकाभरिका विद्यालयहरूमा ४९ आधारभुत तह र ४१ माध्यमिक तह गरी जम्मा ९० शिक्षक नियुक्त गरी गाउँपालिका अनुदानवाट रू.४०,००,०००।- तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्च नियमित देखिदैन। पालिकाले शिक्षक विद्यार्थि अनुपात मिलाई र दरवन्दी मिलान गरी खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

७९. **नमुना विद्यालय अनुदान -** विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयले नमुना विद्यालय छनौट गरी भौतिक तथा प्राविधिक पुर्वाधार (आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन) विकासका लागि प्रत्येक बर्ष रू. १ करोड ५० लाखका दरले लगातार ३ बर्ष सम्म बजेट विनियोजन गर्ने व्यवस्था अनुसार यस पालिका भित्रको सुर्यचन्द्र माध्यमिक विद्यालयलाई छनौट गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.४४५ को ८.३ अनुसार नमुना विद्यालयको रूपमा छनौट भएको विद्यालयलाई अनुदान उपलब्ध गराउदाँ विद्यालय र स्थानीय तह विच सम्झौता गरी पहिलो किस्ताको रूपमा ५० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ। पालिकाले विद्यालयलाई रु.८०,५०,०००।- निकासा गरेको देखियो। उक्त वजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षमा भएको निर्माण कार्यको प्रगति, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वयन योजना, यस आ.व. मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्ने व्यवस्था छ।सम्झौता अनुसार कार्य प्रगतिको आधारमा क्रमस ५०, ३० र २० प्रतिशतको अनुदान उपलब्ध गराउनुपर्नेमा सोझै रकम निकासा गरेको

देखियो। पालिकाले उक्त विद्यालयलाई दिएको अनुदान रकम दिनुको उदेश्य अनुसार काम गरेको देखिने लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,५०,००० |

८०. **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २४७९ जना रहेका छन् । पालिकाले एन्जिला ट्रेड एण्ड सप्लायर्सबाट ३००७६ थान र दिदीबहिनी जैविक प्याड उद्योगबाट ४७०२ थान जैविक स्यानिटरी प्याड गरी जम्मा रु.२५,६१,४९८ (मु अ कर समेत) मा बोलपत्र विधिबाट खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८१. **न्यानो झोला खरिद -** स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन, २०७९/८० को १२ मा न्योनो झोलाको Specification तोकिएको छ।जसअनुसार हिमालि जिल्लाको लागि प्रति न्यानो झोला १००० र तराई र पहाडी जिल्लाको लागि प्रति न्यानो झोला ९०० को दरमा खरिद गर्ने व्यवस्था गरिएको छ।यसरी खरिद गर्ने न्यानो झोलाको मार्गदर्शनले तोकिए बमोजिमको Specification तयार गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरि तोकिएको Specification अनुसार भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष न्यानो झोला खरिद गरेको छैन भने गत वर्ष २०० वटा रु.९०० का दरले रु.१,८०,००० को खरिद गरेको छ सो मध्ये २५ वटा मौज्दात रहेको विवरण प्राप्त भएको छ । न्यानो झोलाको Specification तयार नगरेको तथा तोकिएबमोजिमको Specification भए नभएको एकिन गरेको छैन । पालिकाले मार्गदर्शनमा उल्लेखित Specification अनुसार न्यानो झोला खरिद तथा तोकिएको गुणस्तर अनुसार भए नभएको एकिन गर्नुपर्दछ।

८२. **औषधि खरिद -** पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु.९५,३४,१६८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

८३. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:-

-सूचिमा समावेश भएका श्रमिकलाई प्रथमिकिकरण गरे पनी सो अनुसार कार्यान्वयन पूर्ण रुपमा भएको छैन ।

-रोजगार कार्यक्रमको लागि प्राप्त भएको पुरै बजेट रु.१४०९७०००। खर्च गर्न नसकेको हुँदा न्युन दिन र न्युन संख्याले प्राप्त गर्ने गरी रोजगारी सिर्जना भएको छ ।

-१०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी केही श्रमिकले ८० दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

श्रमिकले एक दिनको पारिश्रमिक वापत न्युन दररेट रु ५७७ मात्र प्राप्त गर्ने भएको हुँदा कार्य गर्ने चाहाना नरहेको गुनासो पालिकामा आउने पालिकाको भनाई रहेको छ ।

पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक मर्मत, नाली निर्माण, पोखरी निर्माण, ताल निर्माण र पर्खाल निर्माण लगायतका ३३ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष २४३ जनालाई रोजगारी उपलव्ध गराई नेपाल सरकारको रु.११४१५३६८ र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक) को रु. २३०८००० गरी कुल १३७२३३६८ खर्च गरेको छ । लक्षित वर्गलाई ८० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गरेको पाईयो । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।यसमा सुधार र व्यबस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

---

८४. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावलीको नियम १० बमोजिम खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने हुन्छ। लागत अनुमान तयार गर्दा प्रचलित नम्सको प्रयोग गरी दर रेट विश्लेषण गर्नुपर्ने हुन्छ। पालिकाले देहायका कार्यहरु गर्दा सम्बन्धित कार्यको लागि प्रचलित नम्सले तोकेको भन्दा बढि तथा फरक परिमाण राखी दर विश्लेषण गरेको पाईयोः

| गोभौ/मिति | उपभोक्ता समिति | कैफियत | बढी भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २१६/२०८०।३।२३ | बासे पधेरी खोला खानेपानी निर्माण उस | धारा निर्माणमा 1:4 c/s mortar कार्य गर्दा १.७ ज्यामि संख्या बढी राखि दर विश्लेषण गरिएको | २०४१४ |
| १२६/२०८०।२।२२ | भास्कुन सिंचाई योजना उस | पालिकाले ढुङ्गाको रुबल गारोको कामका लागि भवन विभागको नम्सको आधार C6 ६(क) १-२ प्रयोग गर्नुपर्नेमा C7 ६-३-२आर्च गारोको प्रयोग भएको। | ४१३२ |
| १३८/२०८०।२।२२ | जिम्मेखोला दियाखेत सिँचाई कुलो निर्माण उस | पालिकाले ढुङ्गाको रुबल गारोको कामका लागि भवन विभागको नम्सको आधार C6 ६(क) १-२ प्रयोग गर्नुपर्नेमा C7 ६-३-२आर्च गारोको प्रयोग भएको। | ३४५६ |
| १६५/२०८०।३।१० | माटेका विनि पिपलगाउँ खापा उस | पालिकाले ढुङ्गाको रुबल गारोको कामका लागि भवन विभागको नम्सको आधार C6 ६(क) १-२ प्रयोग गर्नुपर्नेमा C7 ६-३-२आर्च गारोको प्रयोग भएको। | ३८६१ |
| १७२/२०८०।३।१३ | हाटबजार प्रतिक्षालय निर्माण उस | पालिकाले ढुङ्गाको रुबल गारोको कामका लागि भवन विभागको नम्सको आधार C6 ६(क) १-२ प्रयोग गर्नुपर्नेमा C7 ६-३-२आर्च गारोको प्रयोग भएको। | २३५२४ |
| ७/२०८०।३।२२ | घुघुरकोट दोगाडे खानेपानी उपभोक्ता तथा सरसफाई समिति उस | प्लम्बरको रेटमा रु.५० बढी राखी दर विश्लेषण गरिएको | ३००० |
| जम्मा | | | ५८,३८७ |

उल्लेखित बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गरि संचितकोषमा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,३८७ |

८५. **छिपेखोला तटबन्धन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(६) मा उपभोक्ता समितिले आफुले गरेको खर्चको बिल, भरपाई प्रमाणित गराई सार्वजनिक निकायमा पेश गर्नु पर्ने, निमय ९७(११) मा पालिकाले उपभोक्ता समितिले गरेको काम पुष्टि गरि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्न, नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले छिपेखोला तटबन्धन निर्माणको लागि छिपेखोला तटबन्धन निर्माण उपभोक्ता समितिलाई सो कार्यको सम्झौता बमोजिम रु. ४,८०,००० भुक्तानी गरेको देखिन्छ। यस कार्य सम्बन्धि दखिएका व्यहोराहरु निम्नानुसार छन्ः

८५.१ **विलविजक नपुगेको -** नापी किताबको अनुसार ग्याविन तार जालि १०५२ केजि खरिद गर्नुपर्नेमा उपभोक्ता समितिले पेश गरेको विलमा १०+८ गेज GI तार १००० केजि खरिद गरेको पेश भएको देखिन्छ। नापी किताबको भन्दा ५२ केजि कम विल पेश भएकालेको सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४९२ |

८५.२ **नापीमा बढि काम देखिएको -** ✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ८४,७४४ सम्परीक्षण गरिएको ।)

८५.३ **बढी भुक्तानी -** सजिलो सामाग्री ढुवानि गर्दा धनगढी, कैलालीबाट साफेबगरसम्म प्रतिकेजि ४.६ रुपैंया रहेकोमा पालिकाले यस कार्यको लागि दर विश्लेषण गर्दा प्रतिकेजि रु. ६.३ मुल्य राखेको पाईयो। जिल्ला दरले गाडीबाट ढुवानि गर्दा जारजालीलाई सजिलो सामाग्रीका रुपमा राखेको छ। अतः ग्याविन जाली ढुवानी गर्दा सम्बन्धित उपभोक्ता समितिले बढी भुक्तानी प्राप्त गरेको सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३४ |

८६. **विल पेश नभएको -** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। वयलपाटा बजार शौचालय निर्माण गर्न रु. ३,८४,००० वयलपाटा बजार शौचालय निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ। उक्त

निर्माण कार्य सम्पन्न गर्दा ४५० मिटर पाईप खरिद नापिमा उल्लेख भएपनी खरिद गरिएको विल पेश नभएकाले सो परिमाण खरिद गरेको विल पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५८२ |

८७. **जनश्रमदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| **गोभौनं./मिति** | **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|
| २,२०७९/५/१३ | कालिका प्रा.वि शिद्धेश्वर २ कोठे भवन निर्माण | १८५९८०९ | १८७९३८१.७२ | १७.४१ | ४७८३५.१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,८३५.१८ |

८८. **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले कार्यपालिकाको निर्णय गरी गतवर्षको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरेको छ । उक्त भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा बागभिडी डिपबोरिङ निर्माण कार्यको लागि रु.७ लाख ८० हजार भुक्तानी दिन बाँकि रहेको उल्लेख भएकोमा आ.व २०७८/७९ को भुक्तानी दिन बाँकी भएको रकम उल्लेख गरी बागभिडी टोल खानेपानी निर्माण उ.स लाई रु.१०,१३,०७३ भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानीको सम्वन्धमा पालिकाले एकिन गरी कार्यपालिकाको निर्णयले प्रमाणित गरेको भुक्तानी दिन बाँकी रहेको रकम बाहेक वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,०७३ |

८९. **बढी दररेट राखी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।साथै प्रत्येक जिल्लाले त्यस जिल्लाको लागि लागु हुने गरी निर्माण सामाग्रीको दर तोकेको हुन्छ । यसरी तोकिएको जिल्ला दररेट र सम्वन्धित नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले मष्टामाण्डौ खानेपानी योजनाको खन्ने कार्यमा तपसिल बमोजिमको वढी दररेट राखि लागत अनुमान तयार गरेर सोही अनुसार भुक्तानी दिएको हुँदा वढी हुन गएको रकम मष्टामाण्डौ खानेपानी योजना उपभोक्ता समितीबाट असुल गर्नु पर्ने रु.

| क्र.स | कार्य | हुनु पर्ने दररेट | भएको दररेट | परिमाण | वढी रकम रु. |
|---|---|---|---|---|---|
| १ | E/W in foundation | ५७६.८० | ४३४३.३० | ७.५३ | २८३६१ |
| | | | | असुल गर्नुपर्ने | २८,३६१ |

९०. **गलत नापी उठाई भुक्तानी -** गलत नापी उठाई भुक्तानी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। बोरजिर खानेपानी निर्माण उसले खानेपानी विस्तारको लागि संरचना निर्माण गर्दा Distribution pipeline को Pcc १:२:४ कार्यको ०.५४ घनमिटर र HDP pipe 20 mm 16 pn को MB मा कार्य नदेखिएको तर भुक्तानी भएकोले यसरी कार्य नभई भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,०६४ |

९१. **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -** उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना नगरी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति लाई भुक्तानी रु. | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत रु. |
|---|---|---|---|---|---|
| १ | ४/२०७९/५/१३ | बागभिडी टोल खानेपानी निर्माण उ.स | १८०९७९०.४८ | नेपाल हाईड्रो कन्स्ट्रक्सन प्रा.ली | १२५०००० |
| २ | ६४/२०८०/१/२१ | मोटेना सडक निर्माण योजना उ.स | १८४८२२ | रोयल सि. वि कन्स्ट्रक्सन | २८४७६ |
| ३ | १२१/२०८०/२/११ | वान्नितोला ठकुल्लावाडा सडक निर्माण उ.स | ५००००० | न्यु कालभैरव विल्डर्स | ५८५९०५ |
| ४ | १८२/२०८०/३/१८ | दुवालटोल डोटे सडक निर्माण उ.स | ३००००० | न्यु कालभैरव विल्डर्स | १८१९३० |
| जम्मा | | | २७,९४,६१२.४८ | | २०,४६,३११ |

| | |
|---|---|
| अनियमित भएको | २०,४६,३११ |

९२. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले त्रिपुरा सन्दरी प्रा.वि पहिरो नियन्त्रण कार्यको त्रिपुरा आधारभुत विद्यालयलाई भुक्तानि दिंदा वास्तविक परिमाणको मापन गरी सोही अनुसार भुक्तानी दिनुपर्नेमा तपसिल बमोजिमको आईटमको भुक्तानीमा नापीमा भएको परिमाण भन्दा वढी परिमाणको र बढी दररेटले भुक्तानी दिएको हुँदा वढी भएको रकम सम्वन्धित बाट असुल गर्नुपर्ने रु.

| क्र.स | कार्य | हुनुपर्ने परिमाण | भएको परिमाण | हुनुपर्ने दर रु. | भएको दर रु. | वढी रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | **Stone soling** | ३.२४ | ३.६० | ३९२० | ३९२० | १४११.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | **PCC(1:2:4)** | ०.९८७ | ०.९८७ | १५०२७.४१ | १५२१४.४१ | २५९.४९ |
| ३ | **Stone masonary 1:4** | २३.४९ | २३.४९ | १३१३०.९ | १३३१७.९० | ३०६८.४९ |
| जम्मा | | | | | | ४७३९.१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,७३९.१८ |

९३. **बिल भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ । पालिकाले सिगाडा जयमष्टा खा.पा योजना २ नं वडा को निर्माणमा Placing Gate, ladder and man hole cover all complete as per apporved drawing, specification and instruction of site engineer कार्यको रु.३५,०००।— भुक्तानी दिएकोमा रु.१७,२००।— को मात्र विल पेश भएको हुँदा खर्च पुष्टी गर्ने विल भरपाई पेश गर्ने अन्यथा सिगाडा जयमष्टा खा.पा योजना २ नं वडा उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८०० |

९४. **प्रमाण पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले वडा कर्यालय भवन तथा शौचालय निर्माणका लागि वडा कार्यालय भवन तथा शौचालय निर्माण उपभोक्ता समितीलाई रु.४,७१,५७३।- भुक्तानी गरेकोमा सो अनुसारको नापी किताव र कार्यस्वीकार प्रतिवेदन पेश गरेको पाईएन ।नापी किताव र सो अनुसारको कार्यस्वीकार प्रतिवेदन विना भएको भुक्तानीलाई यथार्थ खर्च मान्न नसकिने हुँदा यस सम्वन्धमा पालिकाले वास्तविकता एकिन गरी नापी किताव र कार्यस्वीकार प्रतिवेदन लगायतका अन्य आवश्यक प्रमाण पेश गर्ने अन्यथा सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७१,५७३ |

९५. **वयालपाटा सामुदायिक खानेपानी उपभोक्ता तथा सरसफाई समिती -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले वयालपाटा सामुदायिक खानेपानी उपभोक्ता तथा सरसफाई समितीको मिति २०७९/१०/१२ मा मर्मत कार्यमा काम गर्ने पलम्वरलाई रकम भुक्तानी गर्न समस्या परेको जनाई दिएको निवेदनलाई मात्र आधार मानी रु.५,००,०००।— भुक्तानी गरेको छ । खर्च भएको पुष्टी हुने प्रमाण तथा कागजात विना गरिएको भुक्तानीलाई यथार्थ मान्न नसकिने हुँदा खर्च खुल्ने कागजात तथा प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

९६. **भुकभुके खड्काबाडा खानेपानी योजना -** सार्वजानिक खरिद नियमावली, २०७७ को नियम १२३(१) मा कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपभोक्ता समितिबाट कुनै कार्य गराउँदा तोकिएबमोजिम समिति सदस्यहरुको संयुक्त दस्तखत सहित उपभोक्ता समितिले बैंकमा खाता खोल्नु पर्ने र पालिकाले भुक्तानी गर्नुपर्ने रकम सो बैंक खाता मार्फत गर्नुपर्ने हुन्छ। उल्लेखित अवस्थामा भुकभुके खड्काबाडा खापा योजना कार्य सम्बन्धमा देखिएका व्यहोराहरुः

९६.१ **नगरपालिकाको नाममा चेक काटिएको -** यस योजनाको कार्यको रु. ५००००० भुक्तानी भुकभुके खड्काबाडा खापा योजना उपभोक्ता समितिलाई गर्नुपर्नेमा पालिकाले आफ्नो नाममा चेक काटेको र सम्बन्धित उपभोक्ता समितिले सो भुक्तानी पाए/नपाएको यकिन नभएकाले सो सम्बन्धमा उपभोक्ता समितिले भुक्तानी पाएको यकिन हुने प्रमाण पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

९६.२

**दोहोरो कार्य -** .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२३ को निर्णयबाट रु. ४४,९१० सम्परीक्षण गरिएको ।)

९७. **राष्ट्रिय मावि भवन निर्माण योजना -** राष्ट्रिय मावि भवन निर्माण योजनाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा अग्रिम बैंक जमानत लिई सम्झौता रकमको बीस प्रतिशत पेश्की दिन सकिने, पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिनु पर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ पेश्की सम्बन्धमा थप व्याख्या गरेको छ। ठेक्का नं. NCB/SM/W/03/2079-080 रहेको राष्ट्रिय मावि भवन निर्माण योजना सम्पन्न गर्न वर्दादेवी निर्माण सेवा प्रालिसँग रु. ८४,९०,६४२ मा मिति २०८०।३।३० मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।९।१८ मा सम्झौता भएको देखिन्छ। वर्दादेवी निर्माण सेवा प्रालिले निमयबमोजिमको बैंक जमानत(APG) समेत पेश नगरेको अवस्थामा पालिकाले रु. ६७,४४,१९२ निम्न मितिहरुमा भुक्तानी गरेको देखिन्छः

| पेश्की दिएको मिति | पेश्की भुक्तानी गर्दाको व्यहोरा | पेश्की रकम |
|---|---|---|
| २०७९।९।२६ | कार्य सञ्चालन पेश्की | २५,४७,१९२ |
| २०७९।१०।५ | कार्य सञ्चालन पेश्की | १६,५०,००० |
| २०८०।१।८ | कार्य निरन्तरता पेश्की | २५,४७,००० |
| जम्मा | | ६७,४४,१९२ |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

९७.१ **बैंक जमानत पेश गर्नु पर्ने -** नियमबोजिम अधिकतम २० प्रतिशत पेश्की खाम्ने गरी बैक जमानत प्रमाणको रुपमा पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,४८,३३८ |

९७.२ **बढी पेश्की भुक्तानी -** यस ठेक्का सम्बन्धमा काम भएर प्राविधिकले नापजाप गरि नापी किताबको आधारमा भुक्तानी भएको पाईएन। नियमबमोजिम पेश्की पाउने बाहेक भुक्तानी भएको थप रकमको पेश्की फछ्र्यौट अथवा सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गरि संचितकोषमा दाखिला गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| पेश्की | ५३,९५,३५४ |

९८. **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

९९. **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका विषय बिलमा खुलाएको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन सकेन। सबै सूचनाहरु राखी बिल तथा कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्दछ।

१००. **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१०१. **सुर्य चन्द्र मावि अधुरो छात्रावास भवन निर्माण -** ठेक्का नं. NCB/SM/W/01/2079-080 रहेको सुर्य चन्द्र मावि अधुरो छात्रावास भवन निर्माण योजना सम्पन्न गर्न न्यू कालभैरब कन्स्ट्रक्सनसँग रु. ३५,१६,५१०

मा मिति २०८०।३।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।१०।९ मा सम्झौता भएको देखिन्छ। यस निर्माण कार्यको सम्बन्धमा देखिएका व्यहोराहरुः

१०१.१ **बोलपत्रदाता छनौट -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ मा बोलपत्र परीक्षण, दफा २५ मा बोलपत्र मूल्याङ्कनबाट सफल भएका बोलपत्रमा दफा २७ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने व्यवस्था छ। मिति २०७९।६।१४ मा जारी सूचना बमोजिम एन्जिला कन्स्ट्रक्सन प्रालिले रु. ३१,३९,४४६ कबोल गरि सबैभन्दा कम मूल्याङ्कित बोलपत्र रहेकोमा पालिकाले एन्जिला कन्स्ट्रक्सनले पेश गरेको बोलपत्र जमानतलाई सिस्टमबाट पुनः परीक्षण गर्दा जमानत मान्य अवधि नरहेको ठहर गरि दोस्रो कम कबोल अंक रु. ३५,१६,५१० रहेको न्यू कालभैरब निर्माण सेवालाई छनौट गरी सम्झौता गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा परीक्षण गर्दा एन्जिला कन्स्ट्रक्सनले बोलपत्र पेशमा राष्ट्रिय बाणिज्य बैंक लिमिटेड शाखा कार्यालय बयलपाटाले मिति २०७९।७।२० मा जारि गरेको नियम बमोजिमको रु. १,५०,००० बोलपत्र जमानत रहेको पाईयो। त्यस समयमा सिस्टमबाट जमानत मान्य अवधि नभएको देखिएको तर नियमबमोजिम बोलपत्र जमानत जारी भएको सम्बन्धमा बैंकसँग थप बुझ्दा मिति २०८०।६।१६ मा बैंकले पालिकालाई पठाएको पत्रमा बैंकबाट CBS System मा हेर्दा एन्जिला कन्सट्रक्सन प्रालि लाई मिति २०७९।७।२० मा १२० मान्य हुने गरि रु. १,१५,००० को टेण्डर दिनको लागि विड बण्ड पत्र जारी भएको व्यहोरा उल्लेख छ। अतः बैंकबाट मान्य अवधि भएको बोलपत्र जमानत पेश भएको अवस्थामा सबैभन्दा कम मूल्याङ्कित बोलपत्र छनौट नहुँदा पालिकालाई रु.३,७७,०६४ थप व्ययभार परेको देखिन्छ। यस ठेक्काको सम्बन्धमा पालिकाले सत्यतथ्य यकिन गर्नु पर्दछ।

१०१.२ **ठेक्का म्याद -** सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्माण व्यवसायीले सम्झौता पत्रमा उल्लेखित मिति भित्र कार्यसम्पन्न गर्नुपर्ने हुन्छ। सम्झौता मिति भित्र ऐनको दफा ५६ र नियमावलीको नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने व्यबस्था छ। अन्यथा नियमबमोजिम ठेक्का अन्त्यको प्रकृया पुरा गर्नु पर्ने हुन्छ। यस ठेक्काको म्याद सकिएको र म्याद थप अथवा ठेक्का अन्त्यको प्रकृया नगरेको अवस्था रहेकाले पालिकाले यस सम्बन्धमा नियमबमोजिम कार्य गर्नु पर्दछ।

१०२. **वडा कार्यालयको भवन निर्माण ३ नं वडा सिद्धेश्वर -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा अग्रिम बैंक जमानत लिई पेश्की दिन सकिने, पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिनु पर्ने, ऐनको दफा ५६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा उल्लेखित अवस्था सृजना भएमा प्रकृया पुरा गरि म्याद थप गर्न सकिने, नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पुर्वनिर्धारीत क्षतिपुर्ति लगाउनु पर्ने व्यवस्था छ। ठेक्का नं SM/NCB/W/02/2079-080 रहेको वडा कार्यालयको भवन निर्माण कार्यको लागि बर्षा निर्माण सेवासँग रु. ६२,९९,७८६ मा मिति २०८०।३।३० मा निर्माण सम्पन्न गर्ने गरि मिति २०७९।९।२४ मा सम्झौता भएको देखिन्छ। पालिकाले नियम बमोजिम अग्रीम बैंक जमानत (APG) लिएर पेश्की दिनुपर्नेमा जमानत नलिई रु. १२,५९,९५७ पेश्की दिएको पाईयो। साथै

दुई पक्षीय सम्झौता (SCC) मा १० प्रतिशत पेश्की दिईने शर्त रहेको भएपनि २० प्रतिशत पेश्की रकम दिईएको देखिन्छ। यस निर्माण कार्य अधुरो नै रहेको अवस्थामा म्याद सकिएको र नियमबमोजिम म्याद थप वा ठेक्का अन्त्य लगायतका विषयमा कुनै प्रकृया अगाडी बढेको देखिदैन। अतः पालिकाले सम्बन्धित ठेक्काको म्यादको सम्बन्धमा आवश्यक निर्णय लिई बर्षा निर्माण सेवाबाट भुक्तानी भएको पेश्की रकम खाम्ने गरी पेश्की जमानत पेश गर्नु पर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५९,९५७ |

१०३. **सामाजिक सुरक्षा भत्ता वितरण -**

१०३.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ लाभग्राही नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि सामाजिक सुरक्षा वितरण गर्नुपर्ने छ । पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत नबील बैंक मार्फत प्रथम, द्वितिय, तृतिय र चौथो किस्ता गरि जम्मा रु.१६,४७,८२,३३८ वितरण भएको देखिन्छ भने बचत भएको रु. ८६,८३७ फिर्ता गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

१०३.२ **लाभग्राही नवीकरण-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०३.३ **केवाइसी अपडेट-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : साँफेबगर नगरपालिका, अछाम , साँफेबगर नगरपालिका , अछाम**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी प्रसाद शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Sudipraj Basnet | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,२५६,२२६.९३ | ४,६९१,०९७ | २९,२७८,५८८.६ | ० | १३५,९५०.८८ | ६,०९५,३५४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४४,४५७,२१७.४१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १२९,६५४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४४,३२७,५६३.४१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६४५२९५१९.१९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२९८४६७१५.२८ | **चालु खर्च** | ५७२९६०६६९.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | १२७२४२९२.६४ | **पूँजीगत खर्च** | ९७१८११९८.२८ |
| **राजश्व बाँडफाँट** | ८१५६४७८५.२३ | **वित्तीय/अन्य व्यवस्था** | १६६२६७६०८ |
| **आन्तरिक आय** | ७६१३०५४.९५ | | |
| **अन्य आय** | १६४९८९४२७.४७ | | |
| **कुल आय** | ७९६७३८२७५.५७ | **कुल खर्च** | ८३६४०९४७६.०६ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | २४८५८३१८.७ |